# चामुण्डाविन्द्रासैनी नगरपालिका
## जम्वुकाँध, दैलेख
# नीति तथा कार्यक्रम-२०७७/०७८

**यस गरिमामय नगर सभाका सभाध्यक्ष महोदय**
**नगर सभाका सदस्य ज्यूहरु**
**नगर सभा सचिवालयका कर्मचारीहरु**

चामुण्डाविन्द्रासैनी नगरपालिकाको समग्र आर्थिक-सामाजिक-सांस्कृतिक रुपान्तरणका लागि आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरव लागेको छ। यस अवसरमा अधिकार प्राप्तिका लागि भएका विभिन्न आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गरेका ज्ञात अज्ञात महान शहीदहरुप्रति हार्दिक श्रद्धासुमन तथा श्रद्धाञ्जली अर्पण गर्दछु।

राष्ट्रियता, राष्ट्रिय हित एवं स्वाभिमान, लोकतन्त्र र जनजीविकाको आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु, नेपाली समाजको रूपान्तरणमा उहाँहरूले पुऱ्याउनुभएको योगदानको स्मरण गर्न चाहन्छु। यस क्रममा बेपत्ता, घाइते, अपाङ्गता भएका योद्धा र आन्दोलनमा स्वाभिमानपूर्वक सहभागी भई योगदान पुऱ्याउने महान व्यक्तित्वहरुप्रति सम्मान व्यक्त गर्न चाहन्छु।

नेपालको संविधानले तीन तहको राज्य संरचना हुनेछ भन्ने व्यवस्था गरी तीनैवटा तहको निर्वाचन भई सकेको र स्थानीय तहको निर्वाचन भएको तीन वर्ष पुरा भई चौथो वर्षमा प्रवेश गरि सकेको यस परिस्थतिमा चामुण्डा विन्द्रासैनी नगरपालिकाले पनि तीन वर्षको अवधिमा धेरै सफलता र चुनौतिहरुको सामना गर्दै आ.व २०७७/२०७८चौथो वर्षका लागी नीति तथा कार्यक्रम ल्याएको छु।

यहाँ सम्म आइसकेको यस घडिमा हाम्रा बीचमा दलीय तथा व्यक्तिगत स्वार्थहरु टाढा राख्दै विशुद्ध जनताको सेवा गर्ने उद्धेश्यका साथ विगतका सफलता र असफलताबाट पाठ सिक्दै आगामी दिनमा यस चामुण्डाविन्द्रासैनी नगरपालिकाको विकासलाई अझ परिस्कृत र प्रभावशाली रुपमा जनताको माझ लैजान सुन्दर र समृद्ध चामुण्डा विन्द्रासैनी नगरपालिका निर्माणका लागि आगामी आर्थिक वर्ष २०७७/०७८ को लागि यो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु।

### विगतका वर्षमा यस नगरपालीकाले गरेका मुख्य उपलब्धिहरु

१. **"फराकिलो मन फराकिलो विचार फराकिलो वाटो"** यस नगरको मुल नारा अनुरुप सांगेतडा पाल्त सडक मा सुर्खेत चामुण्डा नगर हुदै चाल्नेसम्मनिरन्तर रुपमा वस सेवा सचालन भईरहेको छ भने यसलाई अझै फराकिलो तथा सम्पन्न भइनसकेकाले यसलाई सम्पन्नका लागि प्रमुख प्रथामिकताका साथ निरन्तरता दिईने छ।

२. यस नगरपालिकाको केन्द्रमा विद्युत सुचारु भईसकेको छ भने विद्युत लाईन विस्तार कार्य निरन्तर भईरहेकोले यसको वाँकी कार्यलाई यस वर्षमा पनि प्रमुख प्रथमिकताका साथ निरन्तरता दिईने छ।

३. नगरपालीका क्षेत्रमा खानेपानीको टड्कारो समस्यालाई समधान गर्नका लागि धुपिधारा लिप्ट खानेपानी सम्पन्न भईसकेको छ, मजुवा खानेपानी निर्माणको काम तदारुपकताका साथ अगाडि वढिरहेको छ भने

कर्णाली विन्द्रासैनी लिफ्ट खानेपानी योजनाबाट यसै वर्ष वडा नं. ९ को डौसुरमा खानेपानी सुविधा पुऱ्याउने गरी निर्माणको कामलाई जोड दिइने छ ।

४. पर्यटन प्रवद्धनका लागि नगरपार्कको घेरवार गर्ने काम सम्पन्न भइ सकेको,नौफुटका दुईवटा तरवार निर्माण भईसकेको, १५०० किलोको घन्ट निर्माणभइसकेको छ भने अन्य पुर्वाधार तयार भईरहेको र नगरपार्क सम्पन्नका लागि प्रमुख प्रथामिकताका साथ निरन्तरता दिईनेछ ।

५. यस नगरपालिकाको केन्द्रदेखिसम्पूर्ण वडाकेन्द्रहरुमा सडक संजाल पुगेको र यसलाई स्तरोन्नतीका लागि यसै वर्षमा प्रमुख प्रथामिकताका साथ निरन्तरता दिईने छ ।

६. **एक वडा एक खेल मैदान** र्निमाण गर्ने नगरपालिकाको नीति अनुसार वडा नं. १ देखि वडा नं ९ सम्मका खेलमैदान निर्माण काम तदारुपकताका साथ अगाडि वढीरहेको छ ।

७. स्थानीय पाठ्क्रम र अभिभावक शिक्षामाला तयार भइसकेको र यसै वर्ष देखि कार्यान्वयन गरिने छ ।

८. **एक वडा एक नर्सरी कार्यक्रम** सवै वडामा निर्माण कार्य सम्पन्न भइसकेको र यसै वर्षमा नर्सरी व्यवस्थापन कार्य लाई निरन्तरता दिईने छ ।

९. नगरको नीतिगत व्यवस्था अनुसार वडा नं. १ देखि ९ सम्म करिव २०००० मेहेल कलमी तयार गरिएको र यस वर्ष पनि यस कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१०. **एक वडा एक संरक्षित आयमुलक** जंगल वनाईएको र यसको प्रभावकारी कार्यान्वयनका लागि निरन्तरता दिईने छ ।

११. यसै नगरपालीकाको वडा नं. १ को तिजडाडा वसपार्क निर्माण गरिसकिएको छ भने यसै वर्ष स्तरउन्नति गरिने छ ।

१२. नगरपालिका क्षेत्रभित्र नगरवासीलाई सहज आवत जावतको व्यवस्था गर्न नगर वस सेवा संचालन गरिएको छ ।

१३. विगतका वर्षहरुमा **एक निर्वाचित जनप्रतिनिधी एक जनप्रतिनिधी संरक्षित वन कार्यक्रम** संचालन मार्फत नगरपालिकाको वन क्षेत्रलाई संरक्षण गरिएको छ भने आगामी आर्थिक वर्षमा पनि यस कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१४. यस नगरपालीकाको शिक्षा क्षेत्रलाई सुधार गर्न र गुणात्मक शिक्षाको विकासका लागि नगरपालीकाले आप्नो शिक्षा ऐन र निमावली पारित गरि कार्यान्वयन गरिसकिएको छ ।

१५. व्यावसायमुलक तथा व्यवहारिक शिक्षाका लागि वडा नं ३ मा आई.एस.सी. एजी.(तीन वर्षे वालिविज्ञानं) संचालन गरिएको छ ।

१६. प्रत्येक विद्यालयमा एक एक वटा वाल शिक्षा कोटाको व्यवस्थापन गरिएको छ ।

१७. शैक्षिक सत्र २०७६/०७७ देखि आधारभूत तह उत्त्रीर्ण परीक्षा कक्षा ८ को नतिजा सफ्टवयर मार्फत प्रकाशन गर्ने व्यवस्था मिलाइएको छ । आगामी आ.व.मा यस थप प्रभावकारी वनाइदै लगिने छ

१८. नगरपालिका क्षेत्रभित्रका विद्यालयमा अध्ययनरत कक्षा ६/१२ का जम्मा २१७० छात्राहरुलाई सुरक्षित महिनावारीका लागि सेनेटरी प्याड खरिद गरी वितरण गरिएको छ ।

१९. यस नगरपालिका भित्र रहेका प्रधानाध्यापकहरुको मासिक वैठक मार्फत समस्या तथा सिकाईहरु आदान प्रदान गर्ने परिपाटीको विकास गरिएको छ ।

२०. आ.ब २०७५।०७६ मा महिला बिकास समुह समितिलाई आधारभुत तालिम ९ वटा समुहका २७० जना सदस्यलाई दिइएको थियो र नेतृत्व विकास तालिम ३० जना सदस्यलाई दिइएको थियो । आ.ब

२०७६।०७७मा ७२ जना सदस्यलाई क्षमता विकास तालिम दिइएको थियो । समुहका सदस्यहरुले नियमित समुहमा आबद्ध भई नियमित बचत उठाउने गरी सानो तिनो समस्या समाधान गर्ने गरेका छन ।

२१. आ.ब २०७५।०७६ मा ५४ जना किशोरीलाई स्यानेटरी प्याड बनाउने सम्बन्धी सीप विकास तालिम दिईएको थियो र आ.ब २०७६।०७७ मा १०८ जना किशोरीलाई प्रजनन् स्वास्थ्य सम्बन्धी तालिम दिई प्याट वितरण गरियो ।

२२. आ.ब २०७५।०७६ मा समुह बाहेकका महिलातर्फ विभिन्न बिषयमा २१३ जनालाई तालिम दिइएको थियो र ५४ जना हजार दिनका आमाहरुलाई पोसिलो खानेकुरा र बाल्टी वितरण गरियो ।

२३. आ.ब२०७५।०७६ मा बालबालिकातर्फ हाजिरी जफाप प्रतियोगिता र बालक्लवका पदाधिकारीलाई तालिम दिइएको थियो ।

२४. आ.ब २०७५।०७६ मा जेष्ठनागरिकतर्फ १२४ जनालाई न्यानो कपडा वितरण गरिएको थियो ।

२५. आ.ब २०७५।०७६ मा अपांगतर्फ ५४ जनालाई न्यानो कपडा वितरण गरिएको थियो ।

२६. यस नगरपालिकामा कार्यान्वयन गरिएको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत आ.व २०७५।०७६ मा ८० जना महिला र ९८ जना पुरुष गरी जम्मा १७८ जना कामदार छनौट गरी दैनिक ज्याला रु.५१७ का दरले, १८ वटा सडक मर्मत तथा निर्माण ,९ वटा नर्सरी स्थापना र ७ वटा जैविक मैत्रिक हरियाली सडक मर्मत तथा वृक्षरोपण गरी जम्मा ३४ वटा योजना छनौट गरी ३० दिन रोजगार दिई कार्यक्रम कार्यन्ययन भएको थियो भने चालु आर्थिक वर्षमा विभिन्न ३१ वटा योजनाहरुको कार्यान्वयन मार्फत ५१५ जनालाई रोजगारी प्रदान गर्ने गरि योजनाहरुको कार्यान्वयन भैरहेको छ ।

२७. सर्वसाधारण तथा स्वास्थ्यको पहुच भन्दा टाढा रहेका समुदायको स्वास्थ्य सेवामा पहुच वृद्धिका लागि सवै वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र संचालन गरिएको र थप व्यवस्थापनका लागि निरन्तरता दिईने छ ।

२८. विन्द्रासैनीमा १५ सैयाको अस्पताल स्वीकृति भई सकेकोले उक्त अस्पताललाई साधन श्रोत सम्पन्न वनाउन यस वर्ष प्रथामिकताका साथ अगाडि वढाइने छ ।

**विगतका वर्षहरुमा गरिएका उपलब्धीका वावजुद केही चुनौतीहरु पनि रहेका छन ।**

१. उपभोक्ता समिती गठनमा विवाद आउनाले समयमै कार्य सम्पन्न गर्न चुनौतीको रुपमा रहदै आएको छ ।

२. कर्मचारी समायोजन पश्चात पनि नगरपालिकामा दरवन्दी अनुसार कर्मचारीहरु समायोजन भई नआएकाले सिमीत कर्मचारीवाट दैनीक प्रशासनिक कार्य गर्नुपर्ने वाध्यता रहेको छ ।

३. नया नगरपालिका भएकाले नगरपालिका वन्ने पुर्वाधार वनाउन थुप्रै आवश्यकता रहेको तर वजेटको अभावका कारण पुर्वाधार गर्न नसकिएको चुनौती रहेकोले यस वर्ष देखि थप स्रोतको खोजी गरिने छ ।

४. स्थानीय आवाश्यकता अनुसार प्रदेश सरकार र केन्द्र सरकारवाट प्राप्त हुने अनुदान रकम न्युन हुनु ।

५. नगरमा भएका केहि महत्वपूर्ण र राम्रा क्रियाकलाप तथा आयोजनाहरुको प्रचार प्रसार कम हुनु पनि एक चुनौती रहेको छ । यसै वर्ष देखि एउटा सयन्त्र मार्फत प्रचार प्रसार गर्ने प्रावधान मिलाईने छ ।

**“आधुनिक कृषि, कृषिमा आधारित उद्योग, पर्यटन तथा पुर्वाधार चामुण्डाविन्द्रासैनी नगरपालिका सम्वृद्धिको मूल आधार”** भन्ने नारा सहित आर्थिक, सामाजिक, सास्कृतिक विकासका उद्देश्य, लक्ष्य, रणनीति र कार्यनीति सहितको स्पष्ट खाका निर्धारण गरिएको थियो । यस नगरपालिकाले विगत वर्षहरुमा अवलम्बन

गरेको नीति तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयन गरी तथ्य र तथ्यांकमा नतिजा ल्याउने संकल्प गरी योजना तथा कार्यक्रम संचालन गरिएको थियो र सोही अनुरुप यो नगरपालिका नतिजा ल्याउदै अघिवढि रहेको जानकारी गराउदै अब म विषयगत क्षेत्रको निति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेकी छु ।

## आर्थिक विकास

*व्यवसायिक कृषि, वन र कृषिमा आधारित उद्योग, पुर्णरोजगारीको प्रत्याभुतिको लागि फराकिलो तथा प्रगतिशिल कर प्रणालीद्धारा आन्तरिक राजश्वमा बृद्धिनै आर्थिक नीति रहनेछ ।*

१. विश्वमा महामारीको रुपमा फैलिएको कोभिड १९ का कारण लामो समय देखि विश्व अर्थतन्त्र प्राय ठप्प रहेको छ । जसका कारण वैदेशिक रोजागारीमा गएका लाखौ युवा रोजगार विहिन अवस्थामा पुगेका छन भने २०७६ चैत्र ११ गते देखि नेपालमा भैरहेको बन्दाबन्दीका कारण आन्तरीक रोजगारी समेत ठप्प रहेको छ । कोभिड १९ को कारण वृद्धिहुने वेरोजगारीलाई रोजगार सृजना गर्न **जनता रोजगार कार्यक्रम** संचालन गरिने छ ।

२. राजश्वको दायरा विस्तार गर्न व्यवसाय कर र बहाल विटौरी कर कार्यान्वयनमा ल्याइनेछ ।

३. नगरका मुख्य तथा शाखा सडकहरुमा निर्माण हुने भवनहरुको अनिवार्य इजाजत लिनुपर्ने व्यवस्था गरिनेछ ।

४. मालपोत दस्तुर संकलनमा बृद्धि गर्न निश्चित समयभित्र मालपोत बुझाउने करदाता लाई निश्चित प्रतिशत कर छुट सहित टोल टोलमा राजश्व संकलन शिविर संचालन गरिनेछ ।

५. नगर बस सेवालाई थप व्यवस्थीत रुपमा निरन्तर संचालन गरिनेछ ।

६. यस नगरपालिका क्षेत्रभित्र रहेका धार्मीक ऐतिहासिक तथा पर्यटकिय महत्वका स्थलहरुलाई थप व्यवस्थित गरि प्रवेश शुल्क निर्धारण गरि लागु गरिनेछ ।

७. यस नगरपालिका क्षेत्रभित्र रहेका सामुदायीक वन उपभोक्ता समितिहरुलाई प्रचलित कानुन बमोजिम करको दायरामा ल्याइनेछ ।

८. खाद्यान्न वाली, तरकारी खेति, फलफूल खेति, माछापालन, मौरीपालन, च्याउखेति पशुपक्षीं पालन लगाएत कृषिजन्य उत्पादनका सवै आयामहरुलाई व्यवसायीकरण गरिने छ, कृषि उत्पादनमा वृद्धि गर्न कृषकहरुको क्षमता विकास गरिने छ र कृषि तथा पशु विमा लागायतका जोखिम न्यूनीकरणका नीति अवलम्वन गरिने छ ।

९. भू-उपयोग नीति अवलम्वन गर्दै नगरपालिका क्षेत्रमा भएको सम्पूर्ण नीजि तथा सरकारीजग्गा उपयोगमा ल्याउन रणनीतिक योजना तयार गरिने छ ।

१०. किवी खेति, एवोगाड लगाएत फलफूल तथा वनस्पिती नर्सरी स्थापना कार्यलाई प्रोत्साहान गरिने छ ।

११. नगरपालिकाको श्रोतलाई वृद्धिगरी नगरपालिकाले लिएको नीति अनुसारका कार्यक्रम गर्न ऋण नीति तयार गरी लागु गरिने छ ।

१२. नेपाल सरकार वा प्रदेश सरकार सँगको संयूक्त लगानी वा सार्वजनिक निजी साँझेदारीमा योजना सञ्चालन तथा व्यवस्थापन गर्ने नीति अवलम्वन गरिने छ ।

१३. गरिवी निवारण कोषद्धारा प्रवर्द्धित समुदायिक संस्थाहरुले परिचालन गरेको घुम्ती कोषलाई विउपुँजीको रुपमा प्रयोग गरि स्थानीय स्तरमा आर्थिक गतिविधीहरु संचालन गर्न यी संस्थाहरुलाई सहकारी प्रणालीमा रुपान्तरण गरि स्थानीय रोजगारीको सिर्जना गरिनेछ

१४. विभिन्न कार्यक्रम तथा आयोजनाहरु मार्फत समुदायस्तरका समूहहरुलाई उपलव्ध गराएको पुँजी रकम र समूहहरुले गरेको वचत रकमको लगत अद्यावधिक गरि सो रकम रोजगारी सिर्जना, आयआर्जन र उत्पादनमुलक कार्यमा परिचालन गरिनेछ ।

## सामाजिक विकास तर्फ

### "आफु पनि बचौं, अरुलाई पनि बचाऔं कोरोना विरुद्धको लडाइमा सवैले सघाउँ"

*भयमुक्त, स्वस्थ, प्रतिस्पर्धि र विभेद रहित नगरको साथै धार्मिक सहिष्णुता सहित आधुनिक नगर निर्माण हाम्रो सामाजिक विकास निति रहेको छ । जसको लागि देहायको कार्यक्रम प्रस्तुत गरेको छु ।*

१५. पर्यटन क्षेत्रलाई अर्थतन्त्रको आधारको रुपमा विकास गर्दै यस नगरपालिकाका विभिन्न स्थानमा नगरपार्कहरु, मानव निर्मित तालहरु,विशेष खालका खेल मैदानहरु लगायतका कार्यहरुको निर्माण गर्ने र यस नगरमा रहेका प्राकृतिक रुपमा प्राप्त पर्यटनको क्षेत्रमा विशेष योगदान पुऱ्याउने खालका गुफा जलगुफा जस्ता स्थलहरु, सँस्कृति, कला, लोकगाथा लगायत धार्मिक क्षेत्रहरु जस्तै चामुण्डामाई को मन्दिर,विन्द्रासैनी माई मन्दिर अन्य मन्दिरहरुको लगत संकलन गरी इतिहास लेखन तथा गुरुयोजना बनाउने तथा यस नगरपालिकाको धार्मिक र ऐतिहासिक दृष्टिकोणले महत्व राख्ने मठ मन्दिरमा पद मार्गको निर्माण गर्ने कार्यको निरन्तरता दिईने छ ।

१६. यस नगरपालिकाको आन्तरिक पर्यटन प्रवर्द्धन अभियानका लागि पुरातात्विक, ऐतिहासिक, मौलिक साँस्कृतिक रुपले महत्व राख्ने छैठी,धमारी, मारुनी नाच, झोडा मागल, रतेउली, देउडा खेलको इतिहास लेखन तथा खेलाडीको सम्मान र सुरक्षाको नीति, सरन, खाणो प्रकाश, हुडकेउली, भारत, विभिन्न जातजातीहरुका प्रशस्तीगानहरुका साथसाथै पञ्चेबाजाको धुनमा विभिन्न पयनाहरु अमरसिहँ ढोलीको सालिक निर्माण, आदि मौलिक सम्पदाहरुको संरक्षण र सम्वद्धन गर्न आवश्यक बजेट विनियोजन गरी आगामी आर्थिक वर्षमा सम्पन्न हुने गरि काम अघि बढाइने छ ।

१७. पञ्चकोशी क्षेत्रमा पर्ने श्री चरण पादुका स्थानमा अतिथिको सत्कार तथा सम्मानका लागि र अन्य महत्वपूर्ण कार्यमा समेत मद्धत पुग्ने उद्देश्य राखि विगतमा गरिएको अक्षयकोष स्थापना कार्यलाई निरन्तरता दिइने छ ।

१८. आ.व.७७/७८ भित्र यस चामुण्डा विन्द्रासैनी नगरपालिकाको सबै वडाहरुमा घरधुरी संख्याको तथ्यांक संकलन गरी वृद्ध वृद्धाको संख्या, अपांगको संख्या, रोजगार र वेरोजगारहरुको संख्या,व्यवसायी कृषकहरुको पहिचान लगायत सबैको वास्तविक तथ्यांक संकलन गर्ने कार्य, प्रत्येक वडामा सामाजिक सुरक्षा भत्ता को लागि उमेर पुगेका वृद्ध वृद्धाहरुको पहिचान गर्ने कार्य र त्यस्ता उमेर पुगेका वृद्धवृद्धाहरुलाई नेपाल सरकारले तोके अनुसार सामाजिक सुरक्षा भत्ता र परिचय पत्र वितरण गर्ने व्यवस्था मिलाइने छ ।

१९. आगामी आर्थिक वर्षमा २००० जनाको कामदार समुह तयार गरी क्षमता विकास र प्रभावकारी श्रमको व्यवस्था गर्ने तथा जनजाती, दलित र महिलालाई काममा प्रतिस्पर्धा बनाउन एक/एक वटा नमुना कामको व्यवस्था गर्ने नीति अवलम्वन गरि निरन्तरता दिईने छ ।

२०. “एक युवा एक काम” भन्ने मुल नारा बमोजिम वेरोजगार युवा युवतीहरुलाई यसै नगरपालिका भित्र रोजगार मुलक अवसरको सृजनागर्न विभिन्न सिपमुलक लामो तथा छोटा प्रकारका तालिम प्रदान गरी नगरपालिकाले अनुदानको समेत व्यवस्था गर्ने वातावरण यथासिघ्र अघि बढाईनेछ ।

२१. चामुण्डा विन्द्रासैनी नगरपालिकाको ऐन, निमावली अनुरुप आवश्यकताको आधारमा विद्यालय मिलान,ग्रेड घटाउने र वढाउने तथा स्थानको पहिचान गरी नयाँ विद्यालयको स्थापना गर्ने, “सार्वजनिक शिक्षा सुधार अभियान” गर्ने र प्रत्येक वडामा एक/एक वटा नमुना विद्यालयको निर्माण तथा नगर भित्र रहेका सबै शिक्षण संस्थाहरुको गुणस्तरमा विकास ल्याई आगामी दश वर्ष भित्र निजि विद्यालयप्रतिको आकर्षण यहाँका नगरवासीको मानसपटल बाट स्वस्फुर्त ढगंबाट हटाउने लिएको नीतिलाई निरनतरता दिइने छ ।

२२. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरवाट खटिई आउने प्रतिभावान स्वयं सेवक शिक्षकहरुलाई कार्यविधि तयार गरी विद्यालयमा खटाईने व्यवस्था मिलाउनुका साथै यस नगरपालिका भित्र सञ्चालनमा रहेका ५५ वटा सामुदायिक विद्यालयहरु मध्येहाल २३ वटा विद्यालयमा एउटा पनि स्थायी दरवन्दी नै नरहेकोले प्रत्येक विद्यालयमा स्थायी दरवन्दीको व्यवस्थान गर्न सम्वन्धित निकायमा पहल गरिने छ ।

२३. यस नगरपालिका भित्र रहेका अपाङ्ग , टुहुरा, आर्थिक रुपले अति विपन्न वर्गका लागि उच्च शिक्षा बाट बन्चित हुन नपरोस भन्ने उद्देश्य राखि आगामी दुई वर्ष भित्र नगरपालिकाको कुनै एक विद्यालयमा त्यस्ता बालबालिकाको लागि आवासीय सेवा सुविधा सहितको व्यवस्था गरिने छ ।

२४. चामुण्डा विन्द्रासैनी नगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माण, अभिभावक शिक्षामालाकार्य सम्पन्न भई सकेकोले सो पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक तयार गरी यसै वर्ष देखि लागु गरिने छ । माध्यमिक तह संचालन भएका विद्यालयमा अनिवार्य रुपमा व्यवसायी तथा प्राविधिक शिक्षाको नीति अपाईने छ ।

२५. यस नगरपालिकमा रहेको एक मात्र चामुण्डा कलेज चामुण्डालाई बहुमुखि तथाआंगिक क्याम्पस वनाउने तर्फउच्च प्राथमिकताकासाथ पहल गरिने छ ।

२६. यस नगरपालिकामा रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणष्तर सुधारको लागि अनुगमन तथा सुपरीवेक्षण, नगर शिक्षा शाखामा जनशक्ती व्यवस्थापन, अभिभावकलाई जवाफदेही वनाउने तथा उत्कृष्ट सिकाई उपलव्धी हासिल गर्ने विद्यालयहरुलाई प्रोत्साहनका साथै कमजोर सिकाई उपलव्धी भएका विद्यालयहरुलाई नसिहत दिने व्यवस्था गरिनेछ ।

२७. यस नगरपालिका अर्न्तगतका माध्यामिक तथा आधारभूत विद्यालयहरुको भौतिक पूर्वाधार सुधार गरी गुणस्तरीय शैक्षिक वातावरण सृनजा गर्न विद्यालयहरुको विस्तृत योजना प्रतिवेदन (DPR) क्रमशः तयार गरिने छ ।

२८. प्रत्येक विद्यालयलाई अपाङ्गमैत्री, छात्रा मैत्री विद्यालय,भौतिक पुर्वाधार सम्पन्न, खानेपानी र शौचालयको उचित व्यवस्था, साथै लैंगिक तथा कुनै पनि किसिमका भेदभाव रहित विद्यालय बनाईने नीतिलाई निरन्तरता दिइने छ ।

२९. यस नगरपालिक वाट दलित, महिला, जनजाती, अपाङ्ग तथा आर्थिक रुपले पछाडि परेका समुदायवाट प्राविधिक तथा व्यवसायिक शिक्षा एवं उच्च शिक्षा अध्यायनको लागि विशेष छात्रवृत्तिको व्यवस्थापन

गरिने छ । साथै यस नगरपालिका वाट उत्कृष्ट विद्यार्थीको छनौट गरी विभिन्न प्रकारका प्राविधिक तर्फको उच्च शिक्षा अध्ययनको लागि नगर प्रमुख छात्रवृति कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३०. यस नगरपालिकामा रहेको निरक्षरता लाई शून्यमा झार्ने लक्ष्य राखि साक्षर नगरपालिकाको रुपमा विकसित गर्ने योजनालाई उच्च प्राथमिकता दिईने छ ।

३१. यस नगर भित्र खेलकुद क्षेत्रको विकासको लागि राष्टिय स्तरका खेलकुद प्रतियोगिता सञ्चालन गर्न सकिने खेल मैदानको निर्माण गर्ने, खेलकुद सामाग्रीहरुको व्यवस्थापन, राष्ट्रिय तथा प्रदेशस्तरीय खेलकुद प्रतियोगितामा सहभागिता जनाउन प्रोत्साहान गर्ने उद्देश्यले यस नगरपालिका भित्र नगर तथा जिल्ला स्तरीय खेलकुद प्रतियोगिताको आयोजनालाई उच्च प्राथमिकता दिने नीति अपनाईने छ साथै खेलाडीहरुको क्षमता विकासका लागि विभिन्न खेल सम्बन्धि तालिमको आयोजना गर्ने तथा विभिन्न स्थानमा कभर्ड हलको स्थापना गर्ने नीति अवलम्वन गरिने छ । साथै पोखेखाल खेलमैदान र विन्द्रासैनी खेलमैदानलाई राष्टिय स्तरको खेल मैदानको रुपमा अघि बढाइनेछ ।

३२. गरिबीको न्युनिकरण रोजगारीको सिर्जना गर्ने उद्देश्यले समुहगत रुपमा उपस्थित युवाहरुको इच्छा अनुसारको सिप मुलुक तालिमहरुको संचालन गरिनेछ ।

३३. चामुण्डा विन्द्रासैनी नगरवासीहरुको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँचको सुनिश्चितता गर्न यस नगरपालिकाका सबै वडाहरुमा नेपाल सरकारको नीति अनुसार एक जना अहेव एक जना अनमी र एक जना कार्यालय साहयोगीसहित महत्वपूर्ण स्वास्थ्य सामाग्री र औषधिको सहजतापुर्वक उपलव्धता गराई जेष्ठ नागरिक, गर्भवती महिला, अपांग र वालवालीहरुको घरदैलो उपचार हुने गरी एक वार्ड एक शहरी स्वास्थ्य क्लिनिक स्थापना गर्ने र स्थापना गरिएकाशहरी स्वास्थ्य क्लिनिकलाई व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

३४. सुत्केरी सेवाको लागि दक्ष प्रसुतीकर्मीको नियमित उपलब्धता एवं औषधी उपकरणको उपलब्धताको व्यवस्था साथै प्रसुती केन्द्रहरुको स्थापना गर्ने कार्य गरिने छ साथै बालबालिका लगायत सबैमा देखिने कुपोषणलाई न्यूनीकरण गर्नका लागि पोषण सम्बन्धि विभिन्न कार्यक्रमहरु संचालन गर्नुका साथै स्वास्थ्य सेवा सम्वन्धी सम्पूण क्रियाकलाप प्राथमिकताका साथ अघि बढाइने छ ।

३५. नगरपालिकामा रहेको पोषण रजिष्टरलाई निरन्तरता दिई पोषण रजिष्टरमा पोषणका गतिविधिहरु संचालन गर्ने र कुपोषणको तथांक संकलन गरि सुनिश्चितता गर्दे, **“एक घर एक करेसावारी”** स्थापनाको नीति अवलम्वन गरिने छ ।

३६. स्थानीय स्तरमा उपलब्ध हुने अन्न तथा खाद्यवस्तुहरुको संरक्षण र प्रवर्द्धन गरीस्थानीय समुदायको खानपिनमा बजारको तयारी खानेकुरालाई निरुत्साहित गरिने छ ।

३७. यस नगरपालिकामा सुरक्षित मातृत्व कार्यक्रमलाई वडा वडामा विस्तार गरी मातृशिशु सेवाको पँहुच पुऱ्याउने, उपचारात्मक, प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक सेवा नियमित सुचारु गर्ने, महिला स्वास्थ्य स्यंमसेविकाको कामको कदर गर्दै प्रोत्साहन भत्ताको उपलब्ध गराउने, गरिव तथा विपन्नहरुले प्रत्यक्ष लाभ लिने गरी स्वास्थ्योपचारलाई थप सुलभ गराईने र विभिन्न समयमा स्वास्थ्य शिविरको आयोजना गरी विशेषज्ञ सेवा उपलव्ध गराउने व्यवस्था मिलाईने छ ।

३८. यस नगरपालिकामा उपलब्ध हुने जडिवुटी संकलन गरी यसै नगरपालिका भित्र आयुर्वेदिक औषधि उत्पादन गर्ने आयुर्वेद औषधालयको स्थापना लगायत अन्य एकुपञ्चर विधि, प्राकृतिक चिकित्सा शिक्षा र योग शिक्षाका लागि आवश्यक पहल अघि बढाईने छ ।

३९. यस नगरपालिकालाई बालविवाहरहित, महिला हिंसा रहित, छाउपडी प्रथाको उन्मुलन, घरेलु हिंसा मुक्त, मानवअधिकारको ग्यारेन्टी, छुवाछुतको अन्त्य, जातिय भेदभाव मुक्त जस्ता सामाजिक कुप्रथाको उन्मुलन गरी समानतामा आधारित नगरपालिकाको रुपमा स्थापित गर्ने कार्यलाई विशेष रुपले अघि बढाइनेछ ।

४०. यस नगरपालिकामा  लैङ्गिक हिंसा न्युनिकरणका लागि उपप्रमुखको नेतृत्वमा एक “महिला हेल्प डेस्क” स्थापना गरी लैङ्गिक हिंसा मुक्त नगर स्थापना गर्न सहजिकरण गर्ने, महिलाहरुको क्षमता विकास तालिम, आय आर्जनमुलक सीपविकास तालिम सञ्चालन गर्ने, नगरस्तरीय वालगृह स्थापना गरी सञ्चालनमा ल्याउने, अपाङ्गहरुले प्रत्यक्ष लाभ लिने गरी सीपमुलक तथा व्यवशायमुलक कार्यक्रम बनाइनुका साथै आवश्यकताको आधारमा सामाग्रीहरु उपलब्ध गराउने, नेतृत्व विकास तथा क्षमता विकासको लागि समुदायमा रहेका अगुवा महिलाहरुलाई तालिम सञ्चालन गर्ने जस्ता नीति अवलम्वन गरिने छ ।

४१. कोभिड-१९ को जोखिमलाई कम गर्न सवै जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीको निशुल्क स्वास्थ्य विमा गरिनेछ । साथै कोभिड-१९ बाट ज्यान गुमाउने घरपरिवारलाई उचित राहातको व्यवस्था मिलाइने छ ।

४२. यस नगरपालिकाको सबै क्षेत्र जुवा तास मुक्त क्षेत्र हुनेछ साथै मदिरा नियन्त्रण सम्वन्धी कार्यविधी -२०७५ लाई पूर्णरुपमा कार्यान्वयन गरिनेछ ।

४३. यस नगरपालिकाको समग्र विकासमा महत्वपूर्ण भुमिका रहने यूवाहरुलाई स्वयंसेवकको रुपमा परिचालन गर्ने नीति अवलम्वन गरिने छ ।

४४. यस नगरपालिका मै  मापदण्ड अनुसारका सेनेटरी प्याड उत्पादन गर्न लगाई स्वरोजगारको व्यवस्था गरीने छ ।

४५. **WFP** सँगको सहकार्यमा एकिकृत विकास समाज नेपालद्धारा यस नगरपालिकामा संचालित विद्यालय सरसफाई कार्यक्रम र दिवा खाजा कार्यक्रमलाई आ.व.२०७७/०७८ मा निरन्तरता दिइने छ ।

४६. विद्यालयहरुको प्रत्यक्ष अनुगमनका आधारमा आवश्यकता पहिचान गरी भौतिक संरचना एवम विभिन्न प्रकारका अनुदानहरु वितरण गरिने छ ।

४७. विभिन्न कारणले पछाडी परेका र हिंसा प्रभावित महिलाहरुको लागी तत्काल अवस्था हेरेर उसको व्यवस्थापन गर्नको लागी**उप-प्रमुख लैंगिक हिंसा निवारण कार्यक्रम**लाई निरन्तरता दिईनेछ ।

४८. अशक्त अपांग नागरिकहरुलाई आत्म निर्भर वनाउन आवश्यकता पहिचानको आधारमा व्यवसायमुलक तालिम प्रदान गरि गरिने छ ।

४९. यस पालिकामा  जनताको स्वास्थ्य सुरक्षा गर्ने कार्यलाई उच्च प्राथमिकता दिइने छ । यस पाालिकाको स्वास्थ्य कार्यकम वनाउदा स्वास्थ्यका उपचारात्मक, प्रतिकारात्मक, पुनर्स्थापनात्मक र प्रवद्धनात्मक सवै क्षेत्रलाई उच्च प्राथमिकता दिईने छ ।

५०. विश्व स्वास्थ्य संगठनले सिफारिस गरे अनुसार यस पालिकामा आगामी आ.व.मा स्वास्थ्यमा प्रयाप्त वजेट विनियोजन गरिने छ । साथै विश्व स्यास्थ्य संगठनको मापदण्ड अनुसार स्वास्थ्यका आधारभूतक्षेत्रलाई  विशेष ध्यान दिइने छ ।

५१. स्वास्थ्य संस्थाहरुको पूर्वाधार विस्तार गरि स्वास्थ्य सेवालाई अझ सक्षम वनाइने छ साथै यस नगरपालिका भित्र भौगोलिकता तथा जनसंख्यालाई मध्येनजर गरी स्वास्थ्य संस्थाको विस्तार गरिने छ ।

यस नगरपालिकाको भौगोलिक विकटतालाई मध्येनजर गरि हरेक वडामा कम्तीमाएक वटा वर्थिंग सेन्टर स्थापना गरिनेछ ।यस नगरपालिकाद्धारा स्थापना गरिएका शहरी स्वास्थ्य क्लिनिकमा आवश्यक पूर्वाधार विकास तथा नजशक्ति व्यवस्थापनको लागि कर्णाली प्रदेश सरकार तथा नेपाल सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

५२. यस नगरपालिकाको स्वास्थ्यको कार्यक्रम वनाउदा महिला, गरीव, दलित, भौगोलिक रुपमा पछाडी परेका क्षेत्रका समुदाय, ज्येष्ठ नागरिक र अपांगहरुको स्वास्थ्य रक्षा गर्ने कार्यलाई उच्च प्राथमिकता दिईने छ ।

५३. यस नगरपालिकामा धुम्रपान, मद्यपान र लागु पदार्थको नियन्त्रण गरी नागरिकहरुको स्वास्थ्य प्रवर्द्धन गर्ने कार्यक्रम ल्याईने छ ।

५४. आयूर्वेदको विकास, योगा, ध्यान, प्राकृतिक चिकित्सा र शारीरिक अभ्यासका विधिहरुलाई वढावा दिने कार्यक्रम ल्याइने छ ।

५५. पालिकामा चिकित्सक सहितको प्राथमिक अस्पताल, हरेक स्वास्थ्य संस्था र हरेक टोलमा **“स्ट्रेचर सहितका स्वास्थ्य स्वयमसेविका”** भन्ने नारासफलिभुत गर्ने कार्यक्रमहरु तय गरिने छ ।

५६. स्वास्थ्यकर्मीहरुको क्षमता विकास र वृत्ति विकास गर्ने, व्यक्तिगत सुरक्षाको प्रत्याभूति दिने र उत्पेरणा वढाउने कार्य गरिने छ भने उनिहरुलाई कार्यक्षेत्रमा आईपर्ने जोखमका लागि विमाको व्यवस्था गरिने छ ।

५७. हरेक विद्यालयमा एक जना तालिमप्राप्त प्राथमिक उपचार कर्मी शिक्षक, प्राथमिक उपचार वक्स र स्ट्रेचरको व्यवस्था गरिने छ ।

५८. नगरपालिकामा स्वास्थ्य कार्यक्रम र स्वास्थ्य संस्थाहरुको सेवालाई गुणस्तरीय वनाइने छ ।

५९. यस नगरपालिका भित्रका हरेक नागरिकलाइ आधारभूत स्वास्थ्य सुविधा सुनिश्चत गर्ने कार्यक्रम सन्चालन गरिने छ । यसको लागि भौगोलिक र जनसांखिक आवश्यकताको आधारमा आधारभूत स्वास्थ्य सेवा केन्द्रको स्थापना गरि सन्चालन गरिने छ ।

६०. यस नगरपालिकालाई शून्य मातृ मृत्यू, शून्य वाल मृत्यू, शत प्रतिशत खोप युक्त, शून्य गृह प्रसुति नगरपालिकाको रुपमा विकास गरिने छ । हरेक स्वास्थ्य संस्थामा एउटा आकस्मिक प्रसुति कोषको व्यवस्था गरिने छ । साथै हरेक स्वास्थ्य संस्थामा कम्तिमा पनि एक जना दक्ष प्रसुतिकर्मीको व्यवस्था गरिने छ ।

६१. नगरपालिकाको कार्यसम्पादनलाई थप प्रभावकारी वनाउन आवश्यक ऐन, नियमावली, कार्यविधिर निर्देशिका निर्माण गरि लागु गरिने छ ।

६२. यस नगरपालिकामा स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

६३. महिला स्वास्थ्य स्वयम सेविका, आमा समुह र अन्य स्वास्थ्य स्वयमसेवकहरुको क्षमता विकास गरि मातृशिशु स्वास्थ्य र परिवार नियोजन कार्यक्रम तथा जनस्वास्थ्यका कार्यक्रममा उनीहरुको क्षमताको प्रभावकारी रुपमा उपयोग गरिने छ ।

६४. यस नगरपालिका भित्र स्वास्थ्य क्षेत्रमा कार्यरत सहयोगी संस्थाहरुसँग सहकार्य गरि उनीहरुसँग रहेको साधन र श्रोतको अधिकतम परिचालन गरि स्वास्थ्य क्षेत्रमा लगानी विस्तार गरिने छ ।

६५. यस आ.व.२०७६।०७७ देखि नगरपालीकाले संचालनमा ल्याएको घरदैलो अभियान कार्यक्रम लाई आगामी आ.व.मा पनि अझै व्यवस्थीत तथा प्रभावकारी रुपमा संचालन गरिने छ ।

६६. कोभिड-१९ बाट विद्यालय विद्यार्थी अभिभावकमा परेको असरलाई न्यूनीकरण गर्ने र विद्यार्थीलाई सिकाइ सँग जोड्न विभिन्न वैकल्पिक विधिहरु अवलम्वन गरिने छ ।

६७. संघीय सरकार र प्रदेश सरकार सँग समन्वय गरी वहु प्राविधिक शिक्षाको पूर्वाधार तयार गरिने छ ।

६८. यस नगरपालिकाको अनुदान कार्यविधि २०७४ बमोजिम विभिन्न सरकारी निकायहरुलाई दिइदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिइने छ ।

६९. १५ सैयाको विन्द्रासैनी अस्पताललाई आवश्यक जनशक्ति व्यवस्थापन गरी व्यवस्थित रुपमा आधारभूत स्वास्थ्य सेवा सुचारु गरिने छ । कोभिड-१९ नियन्त्रणको लागि आवश्यकता अनुसार क्वारेनटाइन तथा आइसोलेसन निर्माण गरी मापदण्ड अनुसारको वनाइने छ ।

७०. कोभिड-१९ बाट वच्न र वचाउन नगरवासीहरुको रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्नको लागि घरेलु तथा वैकल्पिक चिकित्सा पद्धतिको व्यवस्थापन र चेतना मुलक कार्यक्र संचालन गरिने छ ।

७१. सुनौलो हजार दिनका महिला, बालबालिका र किशोरीहरुको पोषण स्थितिमा सुधार ल्याउन नेपाल सरकार र यस नगरपालिकाको साझेदारीमा विगत तिन बर्षदेखि कार्यान्वयनमा रहेको बहुक्षेत्रिय पोषण कार्यक्रमलाई निरन्तता दिइनेछ । सोका लागि नगरपालिकाको तर्फबाट आवश्यक वजेट विनियोजन गरिनेछ। साथै कुपोषण हटाउन उप प्रमुख दुग्ध कार्यक्रम संचालन गरिने छ ।

७२. कोभिड -१९ को महामारीबाट प्रभावित सुनौलो हजार दिनका महिला, बालबालिका र किशोरीहरुलाई क्वारेन्टिन र आइसोलेसनमा बस्दा कुषोषित हुन नदिनका लागि थप पोषणयुक्त खाना व्यवस्था, छुट्टै महिलामैत्री, बालमैत्री, किशोरीमैत्री क्वारिन्टीन र आइसोलेसनको व्यवस्था, राहत सामाग्री वितरण गर्दा विपन्न सुनौलो हजार दिनको परिवारलाई प्राथमिकता दिई पोषणयुक्त सामाग्रीको वितरणको व्यवस्था गरिनुका साथै भारत लगाएत तेश्रो मुलुक तथा अन्य स्थानबाट यस नगरपालिकामा आउने गर्भवति, सुत्केरी तथा बालबालिकालाई पहिलो प्राथमिकता दिइ चेकजाँच गर्ने वातावरणको सुनिश्चितता गरिनेछ ।

७३. नगर तथा वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिलाई अझ बढि सक्रिय बनाई पोषण विशेष तथा पोषण सम्वेदनशिल कार्यक्रमहरु प्रभावकारी रुपमा सन्चालन गरिनेछ । साथै विषयतग शाखाहरुको बार्षिक कार्यक्रममा पोषणका क्रियाकलापहरु अनिवार्य रुपमा समाबेश गरि विपन्न सुनौलो हजार दिनका महिला, बालबालिका र किशोरीहरुको घरपरिवारलाई पहिलो प्राथमिकता दिइनेछ ।

७४. यस नगरपालिकालाई आगामी दुई वर्ष भित्रसम्ममा पोषणमैत्री स्थानीय तह घोषणा गर्ने लक्ष्यका साथ आ.ब २०७७-७८ मा प्रत्येक वडाका १/१ टोललाई पोषणमैत्री टोल घोषण गर्ने लक्ष्यका साथ बहुक्षेत्रीय पोषण कार्यक्रम सघन रुपमा सन्चालन गरिनेछ । सो को लागि यस नगरपालिका र विभिन्न विकास साझेदार निकायहरुसँग समन्वय र सहकार्य गरि काम गरिनेछ ।

७५. यस नगरपालिकाले प्रदान गर्ने क्षमता विकास सम्बन्धि कार्यक्रम, कोभिड -१९ को महामारीबाट परेको प्रभावलाई न्यूनिकरण गर्न दिइने जिविकोपार्जन सम्बन्धि अनुदान/कार्यक्रम लगाएतका कार्यक्रममा विपन्न सुनौलो हजार दिनका महिला, बालबालिका र किशोरीहरुको घरपरिवारलाई प्राथमिकता दिइनेछ ।

## पूर्वाधार विकास तर्फ

***रोजगारमुलक तथा वातावरणमैत्री विकास, उज्यालो नगर, फराकिलो सडक फराकिलो मन र विकासमा स्तरोन्ती नै नगरको पूर्वाधार विकासको नीति रहेको छ ।***

७६. आ.व. २०७७/०७८ भित्र वातावरणमैत्री तथा जैविक मैत्री वातावरण निर्माणको लागि कर्णाली राजमार्ग सँग जोडिदै सांगेतडा देखि पाल्त सडकको २२ कि.मी. सडक खण्डमा सडकको दाया वाया

एक हजार आठ वरपिपलका वोटहरुको वृक्षारोपण गरि हरियाली सडक निर्माणको कार्य निरन्तर रुपमा अगाडी वढाइने छ ।

७७. आ.व. २०७६/०७७ सम्म वनिसकेका (ट्र्याक खोलीएका) सडकहरु नगरपालिकाको कार्यालय तथा मुख्य राजमार्गहरुवाट वडाकार्यालय, स्वास्थ्य संस्थाको केन्द्र सम्म जोडने सडकहरुलाई वार्‍है महिना संचालन हुने गरि संडकको मापदण्ड भित्र रही सडक स्तरोन्ती गर्ने, उक्त सडक निर्माण कार्य उपभोक्ता समित वा उपभोक्ताहरु मर्फत गर्दा हेभि इक्युमेन्टहरुको प्रयोग नगरी प्रत्यक्ष उपभोक्ताहरुलाई लाभ हुने गरि रोजगारमुलक, जैविक हरियाली आयमुलक कार्यहरु गर्ने गरि गरिने छ ।

७८. नगरपालिका भित्र निर्माण गरिने सडकहरुको न्यूनतम सडक मापदण्ड पुरागरि नया निर्माण भन्दा सडक मर्मत संभार तथा स्तरोन्तीको काम गरि मापदण्ड पुरा भएका सडकहरुको दाया वाया वृक्षारोपण तथा वायोइन्जिनियरिङ्गको काम गरिने छ ।

७९. आ.व. २०७७/७८मा यस नगरपालिका भित्र निर्माण गरिने संरचनाहरु रभवन निर्माण, भवन निर्माण मापदण्डभित्र रहि नक्सापास गरि भुकम्प प्रतिरोधात्मक संरचनाहरुको निर्माण गर्ने, नगरपालिकाको भवन निर्माण सम्वन्धि मापदण्डको आधारमा भवन निर्माण गर्दा अनिवार्यरुपमा अनुमति लिएर भवन निर्माण गर्ने निति अवलम्वन गरिने छ ।

८०. यस नगरपालिका भित्र डि.पी.आर. तयार भएका नगर गौरवका योजनाहरु (सांगेतडा पाल्त सडक, कर्णाली विन्द्रासैनी लिफ्ट खानेपानी, मजुवा खानेपानी, नगरपार्क, पोखेखाल खेलमैदा, विन्द्रासैनी खेलमैदान, नगर भवन, विन्द्रासैनी अस्पताल, वडाकार्यालयहरु, चामुण्डा कृषि कलेज, वसपार्क, ट्रक पार्क टेम्फो पार्क) डि.पी.आर. अनुसार वजेट विनियोजित गरि क्रमागत वहुवर्षिय योजना वनाई आगामी दुई वर्ष भित्र निर्माण कार्य संचालन गरि सम्पन्न गरिने छ ।

८१. यस नगरपालिका भित्र विषेश गरि साँगेतडा-पाल्त सडकखण्डको साँगेतडा देखि तिजडाडा वसपार्क सम्म सडकको दाँयावाँया तथा सडक छेउछाउका नीजि तथा सार्वजनिक स्थानमा अव्यवस्थित रुपमा वस्दै आएका वस्तिहरु र भवन निर्माण भैसकेका र निर्माणाधिन भवनहरुलाई नगरपालिका नगरको भवन निर्माण मापदण्डको दायरामा ल्याई व्यवस्थितरुपमा वस्ति विस्तार गर्नको लागि भवनहरुलाई मापदण्ड तयार गरी करको वर्गिकरण गरि न्युनतम राजस्व लिई नगरपाकिलकामा भवन दर्ता गर्ने मापदण्ड तयार गरि करको दायरामा ल्याइने छ ।

८२. यस नगरपालिकामा अन्य पूर्वाधार विकास निर्माण कार्यक्रमहरु लागि आ.व. २०७६/७७कै नितिलाई निरन्तरता दिईने छ ।

८३. नगरका सबै वडाहरुलाई छुने गरि सांगेतडा देखि तिजडाँडा सम्मको सडक मर्मत गरि नियमित नगरबस सेवा संचालन गरिनेछ ।

८४. ग्रामीण सामुदायिक विद्युतीकरण साँझेदारी कार्यक्रमलाई उच्च प्रथाामिकताका साथ अघिवढाइने छ र माथिल्लो कर्णाली जलविद्युत आयोजनाको प्रभावित क्षेत्र यस नगरपालिकाको वडा नं. १ देखि ९ सम्ममा आयोजनाबाट प्रभावित नागरिकहरुको रोजगारीको ग्यारेण्टी गर्नका लागि आयोजनासंग पहल गर्ने तथा हाइड्रो तथा विद्युत सम्बन्धी तालिमको व्यवस्थापन गर्ने कार्य गरिनेछ ।

## वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ

८५. नगरपालिका क्षेत्रभित्रका सडक किनारामा वातावरणीय अनुकुलताका आधारमा वृक्षरोपण गरीआयमुलक जैविक मैत्री हरियाली सडक निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८६. एक जनप्रतिनिधी एक संरक्षित वन कार्यक्रमलाई आगामी आ.व.मा पनि निरन्तरता दिइनेछ ।

८७. जैविकमैत्री, हरियाली तथा आयमुलक वन कार्यक्रमलाई थप प्रभावकारी बनाउदै लगिनेछ ।

८८. नगर क्षेत्रभित्रका नाङ्गा डाँडा हरुमा अनुकुलित फलफूल, जडिवुटी तथा अन्य विरुवाहरु वृक्षारोपण गरिनेछ ।

८९. नगरपालिका क्षेत्रभित्रका वन उपभोक्ता समितिलाई वन संरक्षणका लागि थप जिम्मेवार बनाउन निश्चित समय निर्धारण गरि क्षमता विकास सम्वन्धी नगर स्तरीय गोष्ठी संचालन गरिनेछ ।

९०. बढ्दो जलवायु परिवर्तनको असरका कारण नदिको कटान तथा क्षयीकरणको उच्च जोखिममा रहेका खेतियोग्य जमिनको संरक्षणका लागि आवश्यक तटवन्दनको व्यवस्था गरिनेछ ।

९१. बढ्दो भौतिक पूर्वाधारका कारण वातावरणमा परेको प्रभावलाई न्युनीकरण गर्नका लागि पूर्वाधार निर्माण गर्नुपुर्व वातावरणीय प्रभाव मुल्यांकनलाई अनिवार्य रुपमा कार्यान्वयन गरिनेछ ।

९२. नगरपालिका क्षेत्रमा विद्यमान रैथाने प्रजातिका फलफूल, बोटविरुवा अन्य वनस्पति तथा वन्यजन्तुको संरक्षणका लागि उचित पहल गरिनेछ ।

९३. जलचर संरक्षण ऐन, लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

९४. नगरपालिका क्षेत्रभित्रका सार्वजनिक निकाय, कार्यालय तथा संस्थाहरुको कम्पाउण्डमा अनिवार्य रुपमा वृक्षारोपण गर्ने नीति अवलम्वन गरिनेछ ।

९५. सफा र स्वच्छ नगर निर्माणका लागि फोहोर व्यवस्थापन सम्वन्धि नीति अवलम्वन गरिनेछ ।

९६. नगरपालिका क्षेत्रभित्र रहेका नाङ्गा डाँडा हरुमा सुख्खा पोखरी निर्माण गरिनेछ ।

९७. अचानक आइपर्ने विभिन्न प्रकृतीका विपद्बाट प्रत्येक्ष प्रभावित, न्युन आय भएका गरिब तथा अति विपन्न परिवारका नागरिकहरुलाई तत्काल उद्धार, राहत वितरण तथा पुनःस्थापित गर्नका लागि स्थापित नगर स्तरीय विपद् व्यवस्थापन कोषलाई उच्च प्राथामिकताका साथ निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

९८. पर्यटन प्रवर्द्धन गर्न यस नगरपालिका वडा नं. ५ र ६ मा पर्ने सामुदायिक वन क्षेत्र भित्र निर्माणाधीन नगरपार्कमा विभिन्न संरचनाहरु निर्माण गरिने छ ।

९९. पर्यटन प्रवर्द्धन गर्न यस नगरपालिका वडा नं. १ स्थित सिस्नेरीमा रहेको वौद्ध विहार गुफाको डि.पि.आर. तयार गरी संरक्षण तथा व्यवस्थापन गरिने छ ।

१००. विभिन्न रोग तथा विपदजन्य घटनाबाट जोखिममा परेका मानिसहरुलाई जोखिम न्यूनीकरणको लागि राहात तथ उद्दारको लागि विपद व्यवस्थापन कोष स्थापना गरिने छ ।

## संस्थागत विकास सेवा प्रवाह र सुशासन तर्फ

१०१. आगामी आर्थिक वर्ष देखि यस नगरपालिकामा डिजिटल नोटिस बोर्ड तथा अडियो नोटिस बोर्डको जडान गरि सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ । यस नगरपालिकाको विद्युतीय प्रोफाइल तयार गरिने छ ।

१०२. विद्युतिय सरकारको अवधारणा अनुरुप नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयमा रहेका सार्वजनिक महत्वका सूचना हरुलाई वेवसाइटको माध्यमबाट सार्वजनिक गर्ने व्यवस्था गरिनेछ ।

१०३. प्रत्येक वडा कार्यालयमा रहेको इन्टरनेटको क्षमता अभिबृद्धि गरि अनलाईन घटनादर्ता कार्यको सुरुवात गरिनेछ ।

१०४. प्रत्येक नेपालीको बैंक खाता खोल्ने नेपाल सरकारको अभियानलाई प्रोत्साहन दिदै यस नगरपालिकाबाट सामाजिक सूरक्षा भत्ता प्राप्त गर्ने सबै नागरिक हरुलाई बैंक मार्फत सामाजिक सूरक्षा भत्ता वितरण गर्ने व्यवस्था गरिनेछ ।

१०५. कार्यालयबाट दैनिक रुपमा प्रवाह गरिने सार्वजनिक सेवालाई छिटो छरितो, गुणस्तरयूक्त र प्रभावकारी बनाउन साथै सूचना संकलन कार्यलाई मितव्ययी र विश्वसनीय बनाउन आधुनीक सफ्टवेयरको प्रयोग गरिनेछ ।

१०६. नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी वनाउन विद्युतीय प्रविधि प्रयोग गरिने छ । सेवा प्रवाहलाई चुस्तदुरुस्त पारदर्शि, प्रभावकारी वनाउन कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन गर्ने परिपाटिको विकास गरिने छ ।

१०७. विषयगत समिति र शाखाहरुलाई सम्वन्धित विषय क्षेत्रको विशेषज्ञको सहयोगमा नगर रणनीतिक योजना जस्ता विषय समेटी आवधिक योजना तयार गरिने छ ।

१०८. यस नगरकार्यपालिकाको कार्यालय, सवै विषयगत शाखा र सवै वडा कार्यालयहरुमा नागरिक वडापत्र टाँस गरी सेवा प्रवाहलाई चुस्तदुरुस्त र प्रभावकारी वनाइने छ ।